# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०७।१३ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी सम्पत्ति आर्जन र गैरकानूनी लाभ तथा हानी पुऱ्याई भ्रष्टाचार गरेको सम्बन्धी मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०८०।०७।१३ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
भोला दाहाल

**देहायः**

| सि.नं. | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी **मनोहर प्रसाद पन्थी** समेत ७ जना (मनोहर प्रसाद पन्थी, जीवलाल भुसाल, एजाज खाँ, दीपक सुनार, यादब प्रसाद भण्डारी, सुरेन्द्रराज पौड्याल, सुदन श्रेष्ठ प्रतिवादीहरु भएको, बिशेष अदालतको मुद्दा नं. ०७५-CR-००९१), बिशेष अदालतबाट फैसला भएको मिति २०७९/१२/१० | सरकारी जग्गा व्यक्ति विशेषको नाममा कायम गरी गराई भ्रष्टाचार गरेको। | <u>प्रतिवादीहरु मनोहर प्रसाद पन्थी, जीवलाल भुसाल र एजाज खाँको हकमाः</u><br>राष्ट्रसेवक कर्मचारीहरु समेतको मिलेमतो र संलग्नतामा आफ्नो पदको दुरुपयोग गरी बदनियतपूर्वक सरकारी, सार्वजनिक सम्पत्ति हानी-नोक्सानी हुने र व्यक्ति विशेषलाई गैरकानूनी लाभ एवम् प्रत्यक्ष फाइदा पुऱ्याउने कार्य गरी मालपोत अधिकृत मनोहर प्रसाद पन्थी, खरिदार जीवलाल भुसाल र कम्प्युटर अपरेटर एजाज खाँले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निजहरु मालपोत अधिकृत मनोहर प्रसाद पन्थी, खरिदार जीवलाल भुसाल र कम्प्युटर अपरेटर एजाज खाँलाई उक्त जग्गाको तत्कालीन समयको न्यूनतम सरकारी मूल्याङ्कन अनुसारको मूल्य जम्मा रु. २,८६,५२,०००।- (अक्षरेपी दुई करोड छयासी लाख बाउन्न हजार मात्र) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिइएको।<br><u>प्रतिवादी यादब प्रसाद भण्डारीको हकमाः</u><br>प्रतिवादी यादव प्रसाद भण्डारीले आफूलाई गैरकानूनी लाभ हुने र नेपाल सरकारलाई गैरकानूनी हानी पुऱ्याउने बदनियतले मालपोत कार्यालय परासीका कर्मचारीहरु समेतलाई अनुचित प्रभावमा पारी गैरकानूनी तरिकाबाट दीपक सुनारको नामको नक्कली जग्गाधनी दर्ता श्रेस्ता र प्रमाण पूर्जा समेतको आधारमा लुम्बिनी ग्याँस प्रा.लि. गैंडाकोट, नवलपरासीको नाममा मालपोत कार्यालय, परासीको र.नं. ८४२८ ख मिति २०७५/०२/०९ को पारित राजीनामाबाट बिक्री वितरण गराउने कार्यमा प्रत्यक्ष रुपमा | <u>फैसलाः</u><br>प्रतिवादीहरुलाई आंशिक ठहर,आरोप मागदावी भन्दा फरक तथा न्यून बिगो कायम गरी कसूर ठहर तथा सजाय भएको साथै एकजना प्रतिवादीको हकमा आरोप मागदावीबाट सफाई हुने समेतको फैसला भएको।<br><u>प्रतिवादीहरु मनोहर प्रसाद पन्थी, जीवलाल भुसाल र एजाज खाँको हकमाः</u><br>प्रस्तुत मुद्दामा विशेष अदालत, काठमाण्डौबाट मिति २०७९/१२/१० मा फैसला हुँदा निज प्रतिवादीहरु मध्ये तत्कालिन समयका मालपोत अधिकृत मनोहर प्रसाद पन्थीलाई १ बर्ष कैद र कायम भएको बिगोको दामासाहीले हुने रु.१८,६६,६६६।६७ जरीवाना सजाय हुने। प्रतिवादी तत्कालिन समयका खरिदार जीवलाल भुसाललाई १० महिना कैद र बिगोको दामासाहीले हुने रु.१८,६६,६६६।६७ जरीवाना सजाय हुने र प्रतिवादी तत्कालिन समयका कम्प्युटर अपरेटर एजाज खाँलाई १० महिना कैद र बिगोको दामासाहीले हुने रु.१८,६६,६६६।६७ जरीवाना सजाय हुने ठहरी फैसला भएको।<br><u>प्रतिवादी यादब प्रसाद भण्डारीको हकमाः</u><br>प्रस्तुत मुद्दामा विशेष अदालत, काठमाण्डौबाट मिति २०७९/१२/१० मा फैसला हुँदा प्रतिवादी यादव प्रसाद भण्डारीलाई प्रस्तुत मुद्दाको आरोपित कसूरको मतियारको कसूर गरेको ठहर गरी मुख्य अभियुक्तलाई हुने सजायको आधा सजाय हुने ठहरी ६ महिना कैद र कायम भएको बिगोको आधा रु.९,३३,३३३।३४ जरिवाना सजाय हुने ठहरी फैसला भएको।<br><u>प्रतिवादी दीपक सुनारको हकमाः</u><br>प्रस्तुत मुद्दामा विशेष अदालत, काठमाण्डौबाट मिति २०७९/१२/१० मा फैसला हुँदा निज प्रतिवादीलाई प्रस्तुत मुद्दाको आरोपित कसूरको मतियारको कसूर गरेको ठहर गरी निज प्रतिवादीलाई प्रस्तुत मुद्दाको मुख्य प्रतिवादी सरह १ बर्ष कैद र कायम हुन आएको बिगोको दामासाहीले हुने रकम रु.१८,६६,६६६।६७ जरिवाना सजाय हुने ठहरी फैसला भएको।<br><u>प्रतिवादीहरु सुरेन्द्रराज पौड्याल र सुदन श्रेष्ठको हकमाः</u><br>प्रस्तुत मुद्दामा विशेष अदालत, काठमाण्डौबाट मिति २०७९/१२/१० मा फैसला हुँदा प्रतिवादी सुरेन्द्रराज पौड्याल उपरको आरोपदावी वस्तुनिष्ठ प्रमाणले पुष्टी हुन नसकेकोले निजले आरोपदावीबाट सफाई पाउने तथा प्रतिवादी सुदन श्रेष्ठलाई प्रस्तुत मुद्दाको आरोपित कसूरको मतियारको कसूर गरेको ठहर गरी मुख्य अभियुक्तलाई हुने सजायको आधा सजाय हुने ठहरी ६ महिना कैद र कायम भएको बिगोको आधा रु.९,३३,३३३।३४ जरिवाना सजाय हुने ठहरी फैसला भएको अवस्था छ।<br><u>विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः</u><br>प्रस्तुत मुद्दामा सम्मानित बिशेष अदालत, काठमाण्डौबाट कुल ७ जना प्रतिवादीहरुमध्ये १ जना प्रतिवादीले आरोपित कसूरबाट सफाई पाउने, ३ जना प्रतिवादीहरुको हकमा कैद तथा कायम भएको बिगो बमोजिमको दामासाहीले | ❖ प्रस्तुत मुद्दाका प्रतिवादीहरुले योजनाबद्ध रुपमा सरकारी सार्वजनिक जग्गाको नक्कली जग्गाधनी खडागरी, कीर्ते कागजात समेत तयार गरी, परासी मालपोत कार्यालयका तत्कालिन मालपोत अधिकृत मनोहर प्रसाद पन्थी, खरीदार जीवलाल भुसाल, कम्प्युटर अपरेटर एजाज खाँ समेतको मिलेमतोमा निजहरुले आफ्नो कार्य जिम्मेवारी, पदीय दायित्व र नेपाल सरकारको सरकारी सार्वजनिक सम्पत्तिको संरक्षकको भुमिका समेतलाई पालना नगरेको र आफ्नो कर्तव्य निर्वाह नगरेको कारण बदनियतपूर्वक सरकारी जग्गा व्यक्ति विशेषको नाममा कायम गरी गराई भ्रष्टाचारजन्य कार्य गरेको कारण नेपाल सरकारलाई तत्कालिन समयमा कायम भएको बिगो रु.२,८६,५२,०००।- हानीनोक्सानी भएको मिशिल संलग्न तथ्य, प्रमाण र आधारहरुलाई अनदेखागरी प्रतिवादीहरुले सरकारी सार्वजनिक जग्गालाई त्यस बखत उक्त स्थानको न्यूनतम् सरकारी मुल्यांकन भन्दा घटाई प्रतिवादीहरुले गैरकानूनी रुपमा राखेको लिखतको थैली रकम रु.१,१२,००,०००।– (एक करोड बाह्रलाख मात्र) लाई बिगो कायम गरी तथा एकजना प्रतिवादी सुरेन्द्रराज पौड्याललाई आरोपित कसूरबाट सफाई दिई प्रतिवादीहरु यादव प्रसाद भण्डारी, दीपक सुनार र सुदन श्रेष्ठलाई आरोप मागदावी भन्दा भिन्न कसुर ठहर गरी भएको फैसला सो हदसम्म त्रुटीपूर्ण भएकोले बदरभागी रहेको।<br>❖ प्रस्तुत मुद्दाका प्रतिवादीहरुमध्ये प्रतिवादी सुरेन्द्रराज पौड्याल समेतले तत्कालिन समयमा उक्त स्थानको जग्गाको प्रचलित न्यूनतम मुल्यांकन भन्दा कम दररेट कायम गरी सरकारी सार्वजनिक रुपमा मुस्लिम धर्मालम्बीहरुको लागि चिहानको रुपमा प्रयोग भईरहेको तथा ब्रम्हा युवा क्लव समेतले प्रयोग गरीरहेको सरकारी सार्वजनिक जग्गा कीर्ते समेत गरी नक्कली जग्गाधनी दिपक सुनार खडागरी उक्त स्थानको प्रचलित न्यूनतम् मुल्यांकन भन्दा कम मोलमा जग्गा लिने र ग्याँस उद्योगको लागि प्रयोग गर्ने बदनियतपूर्ण मनसायले उक्त कार्यमा संलग्न रहेको कुरा मिशिल संलग्न तथ्य र प्रमाणहरुबाट पुष्टी भईरहेको अवस्था देखिंदा देखिंदै उक्त कुरालाई अनदेखागरी उल्टै निजलाई सरकारी जग्गा किनेको कारण नोक्सान भएको भनी उल्लेख गरी निजले आरोपित कसूरबाट सफाई पाउने ठहरी भएको फैसला प्रमाण |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | संलग्न भएकोमा निजले बयानको क्रममा आफूले विचौलियाको हैसियतले कमिसनको रुपमा रु. ५५,५०,०००।-( अक्षरेपी पचपन्न लाख पचास हजार मात्र)) नाफा खाएको भनी स्वीकार समेत गरेको देखिएबाट निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको भ्रष्टचारजन्य कसुर गरेको पुष्टि हुन आएकोले निज यादब प्रसाद भण्डारीलाई रु.२,८६,५२,०००।- (अक्षरेपी दुई करोड छयासी लाख बाउन्न हजार मात्र) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी पाउन मागदावी लिइएको।<br>**<u>प्रतिवादी दीपक सुनारको हकमाः</u>**<br>प्रतिवादी दीपक सुनारले मालपोत कार्यालय, परासीका कर्मचारीहरुलाई अनुचित प्रभावमा पारी आफूलाई गैरकानूनी लाभ हुने र नेपाल सरकारलाई गैरकानूनी हानी पुऱ्याउने बदनियतले उल्लिखित कि.नं. २४ को जग्गाको गैरकानूनी तरिकाबाट आफ्नो नाममा नक्कली जग्गाधनी दर्ता श्रेस्ता र प्रमाण पूर्जा समेत खडा गरी-गराई सोही नक्कली जग्गाधनी दर्ता श्रेस्ता र प्रमाण पूर्जा समेतको आधारमा लुम्बिनी ग्याँस प्रा.लि. गैंडाकोट, नवलपरासीको नाममा मालपोत कार्यालय, परासीको र.नं. ८४२८ ख मिति २०७५/०२/०९ को पारित राजीनामाबाट बिक्री वितरण गरी भ्रष्टाचारजन्य कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज नक्कली जग्गाधनी दीपक सुनारलाई रु.२,८६,५२,०००।- (अक्षरेपी दुई करोड छयासी लाख बाउन्न हजार मात्र) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी पाउन मागदावी लिइएको ।<br>**<u>प्रतिवादीहरु सुरेन्द्रराज पौड्याल र सुदन श्रेष्ठको हकमाः</u>** | जरिवाना सजाय हुने र २ जना प्रतिवादीहरुको हकमा प्रस्तुत मुद्दाको आरोपित कसूरको मतियारको कसूर गरेको ठहर हुने एवं कैद तथा कायम हुन आएको बिगोको दामासाहीको आधा जरिवाना सजाय हुने र १ जना प्रतिवादीको हकमा प्रस्तुत मुद्दाको आरोपित कसूरको मतियारको कसूर गरेको ठहर हुने र मुख्य प्रतिवादीलाई सरह कैद तथा कायम हुन आएको बिगोको दामासाही बमोजिमको जरिवाना सजाय हुने ठहरी आरोप मागदावी भन्दा न्यून बिगो कायम हुने गरी आंशिक ठहर हुने गरी फैसला गर्दा लिईएका आधार तथा कारणहरु देहाय बमोजिम रहेका छन्:<br>क) प्रस्तुत मुद्दाको वारदात ३ चरणमा घटेको देखिएको, जसमा पहिलो; नवलपरासी जिल्ला तिलकपुर गा.वि.स. वडा नं ५, कि.नं. २४, क्षेत्रफल २-१५-२ को सरकारी जग्गाको दिपक सुनारको नाममा कीर्ते जग्गाधनीपूर्जा बनाई मालपोत कार्यालय परासीको मोठ श्रेस्ता र कम्प्युटर अभिलेखमा ईन्ट्री गरी सक्कल प्रतित हुने गरी कीर्ते अभिलेख तयार गरिएको। दोस्रो उक्त कि.नं. २४ को जग्गाको किर्ते श्रेस्ता बमेजिमको दिपक सुनारको नाममा जग्गाधनी प्रमाणपूर्जाको नक्कल प्रमाणित गरिदिने कार्य रहेको। तेस्रो; उक्त कि.नं. २४ को जग्गा दिपक सुनार दिने र लुम्बिनी ग्याँस उद्योगको नाममा राजिनामा पारित गरी प्राप्त मुल्य रकम बाँडफाँड गरी लाभ लिने कार्य गरेको ।<br>ख) नवलपरासी जिल्ला तिलकपुर गा.वि.स. वडा नं ५, कि.नं. २४, क्षेत्रफल २-१५-२ को सरकारी सार्वजनिक जग्गाको दिपक सुनारको नाममा कीर्ते जग्गाधनी प्रमाणपूर्जा बनाई मालपोत कार्यालय परासीको मोठ ठेली पञ्जिकामा रहेको मोहनीलाल न्यौपानेको श्रेस्ता च्याती सोही किर्ते पूर्जा राखी वाईन्डिङ गरी सही जग्गाधनी प्रतित हुनेगरी मोठ श्रेस्ता कायम गरेको र सोही बिन्दुबाट प्रतिवादीहरूले सरकारी सम्पत्तीको हानी नोक्सानी गरी निजी लाभ लिने कार्य प्रारम्भ गरेको देखिएको ।<br>ग) प्रस्तुत मुद्दाका सम्बन्धमा मालपोत अधिकृतको जिम्मेवारीमा रहेका मनोहर प्रसाद पन्थी समेतका प्रतिवादीहरूले आरोपित कसूरमा ईन्कार रही बयान गरेका भएतापनि प्रतिवादीहरूलाई सरकारी र सार्वजनिक जग्गाको संरक्षण गर्ने दायित्वबाट उम्किने छुट कानूनले नदिएको ।<br>घ) प्रस्तुत मुद्दाका सम्बन्धमा मालपोत ऐन, २०३४ मा मालपोत कार्यालयले जिल्ला भित्रको प्रत्येक जग्गा तोकिए बमोजिम दर्ता गरी राख्ने, दर्ता किताब खडा गर्ने, प्रचलित कानून बमोजिम लिखतको रजिष्ट्रेशन, नामसारी, दाखिला खारेज र लगत कट्टा गर्ने कामको स्पष्ट जिम्मेवारी तोकेको साथै आफ्नो क्षेत्र भित्रको सरकारी र सार्वजनिक जग्गा दर्ता गरी उक्त दर्ता गरिएको सरकारी र सार्वजनिक जग्गाको संरक्षण गर्ने दायित्व सम्बन्धित मालपोत कार्यालयको हुने कुरा स्पष्ट रहेको । जग्गा प्रशासन निर्देशिका, २०५८ को दफा ६ मा मोठको सुरक्षा व्यवस्थापन सम्बन्धमा कार्यालय प्रमुखको र सम्बन्धित कर्मचारीको दायित्व उल्लेख गरेको ।<br>ङ) उल्लेखित कित्ता नं २४ को सार्वजनिक जग्गाको दिपक सुनारको नामको कीर्ते जग्गाधनी प्रमाणपूर्जा खडागरी मोठमा श्रेस्ता कायमगरी सो जग्गा बिक्री गरिएको | विवेचनाको रोहमा त्रुटीपुर्ण भएकोले बदरभागी रहेको।<br>❖ ठूलो मुल्य तिरेर लिईने जग्गा स्वभाविक रुपमा उक्त जग्गा रहेको स्थान, भौगोलिक अवस्थिति हेरेर बिचार गरेर मात्र लिने गरिन्छ, उक्त जग्गा मुश्लिम धर्मालम्बीहरुको चिहानको रुपमा प्रयोग भईरहेको र स्थानीय ब्रम्हा युवा क्लव समेतले प्रयोग गरिरहेको जग्गा सार्वजनिक प्रकृतिको जग्गा हो भन्ने स्पष्ट रुपमा देखिएको। स्थानीयबासीहरुका अनुसार उक्त जग्गा रु.१० करोड भन्दा बढी मूल्य पर्ने भन्ने देखिएको। अर्को तर्फ, न्यूनतम् सरकारी मूल्यांकन नै रु.२,८६,५२,०००।– (अक्षरेपी दुई करोड छयासीलाख बाउन्न हजार मात्र) भएको जग्गाको चलन चल्तीको मूल्यांकन त्यो भन्दा धेरै गुणा बढी हुनेमा कुनै द्धिविधा नरहेको। त्यति मुल्यवान जग्गालाई केवल रु.१,१२,००,०००।– मात्र थैली रकम राखी जग्गा रजिष्ट्रैशन गरेको कारणबाट समेत यी प्रतिवादी सुरेन्द्रराज पौड्यालले अन्य प्रतिवादीहरुसंग मिलेमतो गठमेल गरी उक्त जग्गा सरकारी सार्वजनिक जग्गा हो भन्ने जान्दा जान्दै लुम्बिनी ग्याँस उद्योग प्रा.लि.को नाममा राजिनामा पारीत गरी लिएको हो भन्ने स्पष्ट भै रहेकोमा जग्गा लिने व्यक्तिलाई नै सफाई दिई भएको फैसला सो हदसम्म त्रुटिपूर्ण एवं बदरयोग्य रहेको।<br>❖ प्रस्तुत मुद्दाका प्रतिवादीहरु परासी मालपोत कार्यालयका तत्कालिन मालपोत अधिकृत मनोहर प्रसाद पन्थी, खरीदार जीवलाल भुसाल, कम्प्युटर अपरेटर एजाज खाँ समेतको मिलेमतोमा नवलपरासी जिल्ला तिलकपुर गा.वि.स. वडा नं ५, कि.नं. २४, क्षेत्रफल २-१५-२ को सरकारी जग्गाको दिपक सुनारको नाममा कीर्ते जग्गाधनीपूर्जा बनाई मालपोत कार्यालय परासीको मोठ श्रेस्ता र कम्प्युटर अभिलेखमा ईन्ट्री गरी सक्कल प्रतित हुने गरी कीर्ते अभिलेख तयार गरिएको, उक्त कि.नं. २४ को जग्गाको किर्ते श्रेस्ता बमेजिमको दिपक सुनारको नाममा जग्गाधनी प्रमाणपूर्जाको नक्कल प्रमाणित गरिदिने कार्य गरेको, र उक्त कि.नं. २४ को जग्गा दिपक सुनार दिने र लुम्बिनी ग्याँस उद्योगको नाममा राजिनामा पारित गरी प्राप्त मुल्य रकम बाँडफाँड गरी लाभ लिने कार्य गरेको कुरा मिशिल संलग्न तथ्य र प्रमाणहरुबाट पुष्टी भईरहेकोले निजहरुको बदनियतपूर्ण कार्यबाट न्यूनतम् रुपमा पनि नेपाल सरकारलाई आरोप मागदावीमा उल्लेखित स्पष्ट रुपमा देखिएको तत्समयको न्यूनतम् मूल्यांकन रु.२,८६,५२,०००।– (अक्षरेपी दुई करोड छयासीलाख बाउन्न हजार मात्र) बराबरको हानी नोक्सानी भएको अवस्था |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रतिवादी सुरेन्द्रराज पौड्याल र प्रतिवादी सुदन श्रेष्ठले आफूलाई गैरकानूनी लाभ हुने र नेपाल सरकारलाई गैरकानूनी हानी पुऱ्याउने बदनियतले नवलपरासी जिल्ला साबिक तिलकपुर गा.वि.स. वडा नं. ५ (हाल सरावल गाउँपालिका वडा नं. १) कि.नं. २४ क्षेत्रफल २-१५-२ जग्गा बिगाह फिल्डबुकमा पर्ति जनिएको सरकारी सार्वजनिक जग्गाको मालपोत कार्यालय परासीका कर्मचारीहरुलाई अनुचित प्रभावमा पारी गैरकानूनी तरिकाबाट दीपक सुनारको नामको नक्कली जग्गाधनी दर्ता श्रेस्ता र प्रमाणपूर्जा समेतको आधारमा लुम्बिनी ग्याँस प्रा.लि. गैंडाकोट, नवलपरासीको प्रतिनिधि भई न्यूनतम सरकारी मूल्याङ्कन अनुसार जम्मा हुन आउने मूल्य रु. २,८६,५२,०००।- (अक्षरेपी दुई करोड छयासी लाख बाउन्न हजार मात्र) को सरकारी, सार्वजनिक प्रकृतिको जग्गा थैली अंक रु. १,१२,००,०००।- (अक्षरेपी एक करोड बाह्र लाख मात्र) राखी फिल्डमा मुस्लिम धर्मावलम्वीहरुको कब्रिस्तान (चिहान) र खेलकुद मैदान रही सार्वजनिक रुपमा उपयोग भैरहेको जानी जानी अनदेखा गरी उक्त प्रा.लि. को नाममा मालपोत कार्यालय, परासीको र.नं. ८४२८ ख, मिति २०७५/०२/०९ को पारित राजीनामाबाट जग्गा खरिद गरीलिने कार्य गरेको र मुक्तिनाथ विकास बैंक, भुमही शाखामा रहेको दीपक सुनारको खातामा लुम्बिनी ग्याँस प्रा.लि. गैंडाकोटको चेक जम्मा गरी निज दीपक सुनारको खाताबाट पुनः आफ्नै प्रतिनिधि, कर्मचारीहरु र आफैंसंग सम्बन्धित Elite Construction Company को नाममा चेक काटी रकम सारी आफू समेतको प्रत्यक्ष संलग्नतामा भ्रष्टाचारजन्य कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले लुम्बिनी ग्याँसका प्रतिनिधि निज सुरेन्द्रराज पौड्याल र सरकारी सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा खरिद बिक्री गर्ने-गराउने कार्यमा प्रत्यक्ष संलग्न निज सुदन | कुरा मिशिल संलग्न प्रमाणबाट पुष्टी भएको ।<br>च) मालपोत कार्यालय परासी भित्रका जग्गाको रजिष्ट्रेशन गर्ने र दर्ता श्रेस्ता संरक्षण गर्ने कानूनी दायित्व उक्त कार्यालयका कर्मचारीहरु मालपोत अधिकृत मनोहर प्रसाद पन्थी समेतका प्रतिवादीहरुको रहेको । निज प्रतिवादीहरुलाई सरकारी सार्वजनिक जग्गाको संरक्षण गर्ने दायित्वबाट उम्किने छुट कानूनले नदिएको ।<br>छ) अन्य व्यक्ति वा सेवाग्राहीलाई सेवाको बिषयमा बाहेक मालपोत कार्यालयको मोठ दर्ता श्रेस्तामा भौतिक पहुँच कानूनद्धारा वर्जित रहेको ।<br>ज) दर्ता श्रेस्ता मालपोत कार्यालयको प्रशासनिक, भौतिक र कानूनी सुरक्षा भित्र रहिरहेको तथा दर्ता श्रेस्तामा अन्य व्यक्तिको पहुँच वर्जित रहेको अवस्थामा कार्यालयको कीर्ते श्रेस्ता खडा गर्ने र मोठमा घुसाउने कार्य सुरक्षाको जिम्मेवारीमा रहेका कर्मचारीहरुले नै गरेको मान्नु पर्ने र अन्य व्यक्तिहरुले सो कार्य गर्न सक्ने संभावना नरहेको ।<br>झ) प्रतिवादी मनोहर प्रसाद पन्थी समेतका प्रतिवादीहरुले उक्त कीर्ते श्रेस्ता खडा गरी गरेको कुरा नवलपरासी जिल्ला अदालतबाट भएको फैसलाबाट समेत देखिएको।<br>ञ) मिशिल संलग्न छानविन प्रतिवेदन, कीर्ते ठगी मुद्दामा नवलपरासी जिल्ला अदालत समेतको फैसला, प्रतिवादीहरु मनोहर प्रसाद पन्थी, जीवलाल भुसाल र एजाज खाँको मौकाको बयान समेतबाट प्रतिवादी दीपक सुनारले उल्लेखित कि.नं. २४ को जग्गाको जग्गाधनी प्रमाणपूर्जा हराएकोले प्रतिलिपी उपलब्ध गराउन मालपोत कार्यालय परासीमा सरावल गाँउपालिका १ नं वडा कार्यालयको सिफारिस संलग्न राखी निवेदन गरेको र कम्प्युटर अपरेटर एजाज खाँले मिति २०७४।१२।२८ मा उक्त कि.नं. २४ को जग्गाको लालपूर्जा दीपक सुनारका नाममा कम्प्युटर प्रविष्टि गरी मिति २०७४।१२।२९ मा प्रिन्ट गरी पुर्जामा दस्तखत गरेको, खरीदार जीबलाल भुसालले दीपक सुनारको फोटो टाँस गरी फोटोमा दस्तखत गरेको र मालपोत अधिकृत मनोहर प्रसाद पन्थीले फोटो र जग्गाधनी दर्ता प्रमाणपूर्जाको प्रतिलिपी प्रमाणित गरी जग्गाधनी प्रमाणपूर्जा उपलब्ध गराएको पुष्टी भएको । ततपश्चात उक्त कि.नं.२४ को जग्गा दीपक सुनारले लुम्बिनी ग्याँस प्रा.लि. गैंडाकोटलाई मिति २०७५।२।९ मा रु.१,१२,००,०००।- मा राजिनामा पारीत गरेको । राजिनामा पारीत गर्ने कार्यमा मोठ फाँटका खरीदार जीबलाल भुसालले उल्लेखित कि.नं. २४ को जग्गाको मोठ भिड्छ भनि कैफियत लेखी मोठ भिडाएको र मालपोत अधिकृत मनोहर प्रसाद पन्थीले राजिनामाको लिखत पारीत गरी लुम्बिनी ग्याँस प्रा.लि.का नाममा जग्गाधनी दर्ता प्रमाणपूर्जा बनाएको देखिएको ।<br>ट) प्रतिवादीहरुले लालपूर्जाको प्रतिलिपी प्रमाणित गरी उपलब्ध गराएको, जग्गा राजिनामा पारीत गरेको लगायतका कार्यहरु गरेको तथ्य स्वीकार गरेको । उल्लेखित कार्य बदनियतपूर्वक गरेको नभई झुक्यानमा परी सो कार्य गरेको भन्ने जिकिर लिएतापनि निवेदनको साथमा पेश भएको केरमेट गरेको सिफारिस सद्दे हो होईन यकिन नगरेको, वडा कार्यालयको सिफारिसमा कि.नं.१२४, क्षेत्रफल ०-१५-२ रहेकोमा केरमेट गरी कि.नं.२४, र क्षेत्रफल २-१५-२ बनाईएको अनुसन्धानबाट देखिएको, यसैगरी कि.नं.२४ को जग्गा दीपक सुनारको नाममा | विद्यमान रहेकोमा प्रतिवादीहरुले कलुशित मनसायले कम राजश्व तिर्नको लागि न्यूनतम् मुल्यांकन भन्दा आधा भन्दा कम रकम थैली रु.१,१२,००,०००।–(अक्षरेपी एक करोड बाहलाख मात्र) मात्र राखी निजहरुले कम राजश्व लिने गरी गरेको कसूरको फाईदा निजहरुलाई नै दिई नवलपरासी जिल्ला अदालतको मिति २०७७।१०।१६ गतेको यीनै प्रतिवादीहरु समेतका प्रतिवादीहरु भएको <u>कीर्ते, ठगी र संगठित अपराध मुद्दा</u> (मुद्दा नं ०७५-C१-००२९) मा भएको फैसलालाई प्रमुख आधारमानी आरोप मागदावी भन्दा न्यून बिगो कायम हुने गरी ठहरी भएको फैसला सो हदसम्म त्रुटीपूर्ण भएकोले बदरभागी रहेको।<br>❖ प्रस्तुत मुद्दाका प्रतिवादीहरु यादव प्रसाद भण्डारी, दीपक सुनार र सुदन श्रेष्ठले बदनियतपूर्वक नक्कली जग्गाधनी खडागरी सरकारी सार्वजनिक जग्गाको प्राप्ति र बेचबिखन गरी आफूहरुले गैरकानूनी लाभ लिनको लागि योजनावद्ध रुपमा मालपोत कार्यालय परासीका कर्मचारीहरु र बिचौलिया समेतको मिलेमतोमा उक्त सरकारी सार्वजनिक जग्गाको किनबेच समेत भईसकेको अवस्था देखिंदा देखिंदै निजहरुको कसूर मुख्य अभियुक्त (Principal Offender) स्तरको रहेकोमा मतियारको मात्र सजाय भएको देखिएकोले उक्त फैसला सो हदसम्म त्रुटीपुर्ण भएकोले सो हदसम्म बदरभागी रहेको। प्रस्तुत मुद्दामा प्रतिवादी मध्येका यादव प्रसाद भण्डारी स्वयंले रु.५५,५०,०००।– (अक्षरेपी पचपन्न लाख पचास हजार मात्र )कमिशन खाएको भनी स्वीकारेको अवस्थामा जरिवाना रु.९,३३,३३३।३४ मात्र हुने गरी ठहरी भएको फैसला आफैंमा स्पष्ट रुपमा त्रुटिपूर्ण देखिएको।<br>❖ प्रस्तुत मुद्दाको सम्बन्धमा मिति २०७५।४।१ गते उक्त सार्वजनिक सरकारी जग्गा कीर्ते गरी दीपक सुनारले लुम्बिनी ग्याँस उद्योग प्रा.लि.लाई बेचबिखन गरेको समाचार प्रकाशित भईसके पश्चात मात्र मिति २०७५।४।७ गतेको लुम्बिनी ग्याँस उद्योग प्रा.लि. को सञ्चालक समितिको बैठकबाट प्रमुख लेखा अधिकृत अनिल अधिकारीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा निवेदन दर्ता गर्ने अख्तियारी प्रदान गरिएको देखिएबाट निजहरु सबैको मिलेमतोमा भएको बदनियतपूर्ण काम कारवाहीको कानूनी रुपमा भोग्नु पर्ने सम्भावित दण्ड सजायबाट जोगिनको लागि नियतवस् उजुरी दर्ता गरीएको मिशिल संलग्न कागजातहरुबाट देखिएको।<br>❖ प्रस्तुत मुद्दाका सम्बन्धमा मिति २०७४।१२।२६ गतेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | श्रेष्ठलाई रु.२,८६,५२,०००।- (अक्षेरपी दुई करोड छयासी लाख बाउन्न हजार मात्र) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी पाउन मागदावी लिइएको। | नयाँ ईन्ट्री गर्दा आवस्यक प्रमाण हेर्नु पर्ने कुरा कर्मचारीको कर्तव्य रहेको, मोठ श्रेस्तामा कीर्ते लालपूर्जा घुसाउने कार्य, कीर्ते सिफारिसका आधारमा कम्प्युटर प्रणालीमा लालपूर्जाको रेकर्ड प्रविष्टी गर्ने कार्य, नक्कली श्रेस्तामा मोठ भिडाउने कार्य, कीर्ते गरी अंक केरमेट गरिएका सिफारिसका आधारमा राजिनामा पारीत गर्ने कार्य कर्मचारीले जानीजानी नियतवस नै गरेको मान्नु पर्ने ।<br>ठ) प्रतिवादी दीपक सुनारको नामको कीर्ते जग्गाधनी प्रमाणपूर्जा मालपोत कार्यालयको मोठ श्रेस्तामा घुसाई मोठ कायम गरेको, लालपूर्जाको रेकर्ड कम्प्युटर प्रणालीमा प्रविष्टी गराएको, लालपूर्जाको प्रमाणित प्रतिलिपी उपलब्ध गराएको र सो जग्गाको राजिनामा पारीत गर्ने कार्यमा यिनै प्रतिवादीहरु समेत संलग्न रहेको समेतका घटनाक्रम विचार गर्दा प्रतिवादीहरुले बदनियतपूर्वक नै योजनामा सामेल भई मिलेमतो गरी सो कार्य गरेको देखिने ।<br>ड) प्रस्तुत मुद्दाका प्रतिवादीहरु दीपक सुनार र यादव प्रसाद भण्डारीले नेपाल सरकारसंग कुनै सम्झौता, ठेक्का आदि गरेको अवस्था नरहेको । प्रतिवादी यादव प्रसाद भण्डारीले कमिशन बापतको रकम रु.५५,५०,०००।- लिएको देखिएको। निज प्रतिवादीहरुले सरकारी सार्वजनिक जग्गा गैर कानूनी रुपमा दर्ता गर्ने तथा बेचबिखन गर्ने कार्यमा मालपोत कार्यालयमा कार्यरत कर्मचारीहरु समेतलाई सहयोग गरेको पुष्टी भएको ।<br>ढ) प्रस्तुत मुद्दाका प्रतिवादी सुदन श्रेष्ठले रु.३१,५०,०००।- आफू संलग्न रहेको कम्पनी Elite Construction Company का नाममा दीपक सुनारबाट चेक मार्फत रकम बुझेको देखिएको।<br>ण) प्रस्तुत मुद्दाका सम्बन्धमा नेपाल सरकारको हानीनोक्सानीको बिगो नवलपरासी जिल्ला अदालतबाट भएको कीर्ते, ठगी र संगठीत अपराधको मुद्दामा (मुद्दा नं. ०७५-c१-००२९, फैसला मिति २०७७।१०।१६) भराउने ठहर भईसकेको देखिंदा प्रस्तुत मुद्दाबाट बिगो भराउनु पर्ने नदेखिएको भनी उल्लेखित आधार र कारणबाट फैसला भएको। | च.नं.१२३३ रहेको सरावल गाउँपालिका, १ नं वडा कार्यालय, तिलकपुरबाट मालपोत कार्यालय नवलपरासीलाई घरगोठ बाटो सम्बन्धमा भनि पठाईएको सिफारिस पत्रमा Computer Printed चिठ्ठी पत्रमा हातले डटपेनले लेखि २ थप गरेर क्षेत्रफलमा २-१५-२ बनाएको र कि.नं.मा अगाडिको अंक केरमेट गरेको मिशिल संलग्न प्रमाणबाट देखिएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | सुरेश अधिकारी, दुर्गा अधिकारी, दिपा श्रेष्ठ (अधिकारी), सुस्मिता अधिकारी, सोम माया श्रेष्ठ, पुष्पकुमारी निरौला र बलराम शर्मा (विशेष अदालतको मुद्दा नं. ०७५-CR-०२६३ र फैसला मिति २०७९/१२/१७) | गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको। | प्रतिवादी सुरेश अधिकारीले निज सार्वजनिक सेवा प्रवेश गरेको मिति २०५९/०६/१६ गतेदेखि मिति २०७५ वैशाख मसान्तसम्मको जाँच अवधिमा आय आर्जन गरेको रकम **रु. ८८,३४,८८५।- (अक्षरुपी अठासी लाख चौतिस हजार आठ सय पचासी रुपैयाँ)** को तुलनामा विभिन्न शीर्षकहरुमा गरिएका लगानी तथा खर्च **रु. ५,९८,६८,५०८।- (अक्षरुपी पाँच करोड अन्ठान्नब्बे लाख अडसठ्ठी हजार पाँच सय आठ रुपैयाँ)** देखिँदा निजको आय भन्दा बढी खर्च गरेको रकम **रु. ५,१०,३३,६२३।- (अक्षरुपी पाँच करोड दश लाख तेत्तिस हजार छ सय तेइस रुपैयाँ)** बराबरको सम्पत्तिको स्रोत खुलेको नदेखिएबाट उक्त सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको देखिँदा प्रतिवादी सुरेश अधिकारीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि भएकोले **बिगो रु. ५,१०,३३,६२३।- (अक्षरुपी पाँच करोड दश लाख तेत्तिस हजार छ सय तेइस रुपैयाँ)** कायम गरी निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम सजाय हुनका साथै निज सुरेश अधिकारीले जाँच अवधिमा | <u>फैसलाः</u><br>आंशिक वादी दावी पुग्ने।<br><u>विशेष अदालतले फैसला गर्दा लिएका आधारः</u><br>• <u>आयतर्फः</u><br>**(क) प्रतिवादी सुरेश अधिकारीको नेपाल दूरसंचार संस्थान (नेपाल टेलिकम) मा सहायकस्तर तह ४ (प्र) सहायक पदमा कार्यरत रहँदा प्राप्त पारिश्रमिक बचत तथा वार्षिक भत्ता, बोनस र प्रोत्साहन पुरस्कारः**<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी सुरेश अधिकारीको नेपाल दूरसंचार संस्थान (नेपाल टेलिकम) मा मिति २०६०/०२/२६ गतेदेखि मिति २०६५/१२/१९ गतेसम्म सहायकस्तर तह ४ (प्र) सहायक पदमा कार्यरत रहँदा प्राप्त पारिश्रमिक बचत आयको ३०% जीवन निर्वाह कट्टा गरी ७०% ले हुन आउने जम्मा रु. २,५१,६७४।— र सोही कार्यालयमा कार्यरत रहँदा प्राप्त वार्षिक भत्ता, बोनस र प्रोत्साहन पुरस्कारको १००% ले हुन आउने जम्मा रु. ५,६३,९२२।— कायम गरिएकोमा निज प्रतिवादीले पेश गरेको नेपाल टेलिकमको जो जससँग सम्बन्ध छ भन्ने पत्रमा निजले मिति २०६०/०२/२८ देखि मिति २०६५/१२/२० सम्म वार्षिक तलब भत्ता, दशैं खर्च, औषधी उपचार खर्च, बोनस, प्रोत्साहन पुरस्कार, पेश्की खर्च समेत गरी जम्मा रु. ११,५७,१०७।८६ प्राप्त गरेको भनी जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, नेपाल टेलिकमको च.नं. २०० मिति २०७९/०१/२९ को पत्रबाट नेपाल टेलिकममा कार्यरत रहँदा निज प्रतिवादीले तलब, भत्ता, बोनस, प्रोत्साहन पुरस्कार, औषधी उपचार खर्च, पेश्की खर्च समेत गरी जम्मा रु. १२,१०,९२३।६१ प्राप्त गरेको देखिँदा सोही रकमलाई आयमा समावेश गर्नुपर्ने देखिएको।<br>**(ख) प्रतिवादी सुरेश अधिकारी निजामती सेवाको लेखापाल पदमा कार्यरत रहँदा प्राप्त पारिश्रमिक बचतः**<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी सुरेश अधिकारी मिति २०६५/१२/३० गतेदेखि लेखापालको पदमा नियक्त भई कार्यरत रहेको देखिएकोले आ.व. २०६५/०६६ देखि आ.व. २०६६/०६७ सम्म निज प्रतिवादीको पारिश्रमिक आयबाट ३०% जीवन निर्वाह कट्टा गरी ७०% ले हुन आउने क्रमशः रु. २३,९१५।— र रु. ७९,८३४।— बचत आयमा गणना गरिएको र आ.व. २०६७/०६८ देखि आ.व. २०७३/०७४ सम्मको हकमा, २०६८ सालदेखि २०७४ सालसम्म प्रतिवादी सुरेश अधिकारीको ४ जना श्रीमतिहरु एकाघरमा नबसी ४ वटा छुट्टा छुट्टै घरमा गृहणीको रुपमा बसेका र निज प्रतिवादीकै आयले ४ वटै घर व्यवहार चलाउन पर्ने अवस्था देखिएकोले आ.व. २०६७/०६८ देखि | **प्रस्तुत मुद्दामा वादी र प्रतिवादीको अन्यथा जिकिर नभएका तथा मुख मिलेका आय/व्ययतर्फका शीर्षकहरु बाहेक, सम्मानित विशेष अदालतबाट देहाय बमोजिमका व्ययतर्फका शीर्षकहरुमा आयोगले मूल्याङ्कन गरी कायम गरेको रकमलाई मान्यता नदिई अन्यथा तथा फरक अंक रकम कायम गरी भएको फैसला देहाय बमोजिमका कानुनी आधार र प्रमाणहरुबाट सो हदसम्म त्रुटिपूर्ण रहेको छः**<br>**(क) प्रतिवादी सुरेश अधिकारी र निजका श्रीमतिहरु तथा सासू सीताकुमारी श्रेष्ठ (श्रीमति प्रतिवादी दिपा श्रेष्ठको आमा) को नाममा खरिद गरी प्रतिवादी दिपा श्रेष्ठको नाममा बकसपत्रको लिखतबाट प्राप्त जग्गा खरिदमा भएको खर्चः**<br>**(अ)** यस शीर्षकमा जाँच अवधिमा आयोगबाट आरोपपत्रको पृष्ठ नं. ३७ मा जिल्ला मोरङ, कञ्चनबारी वडा नं. ९/ख, कि.नं. २९१९, २९२१ र २९२२ को क्षेत्रफल ०-०-६-४ को जग्गा र सोमा बनेको घर बाहेक, प्रतिवादी सुरेश अधिकारी र निजका श्रीमतिहरुका नाममा दर्ता कायम रहने गरी खरिद गरिएका जग्गाहरुको मात्र सम्पूर्ण फेहरिस्त सहित तालिकामा देखाई उक्त जग्गाहरुको लिखत मूल्य र रजिष्ट्रेशन शुल्क समेत गरी कायम गरिएको खर्च तथा लगानी जम्मा रु. ९२,७६,५९८।— र निज प्रतिवादीका सासू सीताकुमारी श्रेष्ठ (श्रीमति प्रतिवादी दिपा श्रेष्ठको आमा) को नाममा रहने गरी खरिद गरी प्रतिवादी दिपा श्रेष्ठको नाममा बकसपत्रको लिखतबाट ल्याउँदा जिल्ला मोरङ, कञ्चनबारी वडा नं. ५/ख, कि.नं. २३२६ को क्षेत्रफल ०-१-० (१ कट्ठा) को जग्गाको लिखत मूल्य रु. २०,००,०००।— र रजिष्ट्रेशन शुल्क (सीताकुमारी श्रेष्ठको नाममा खरिद गर्दा तिरेको रजिष्ट्रेशन शुल्क रु. ६०,०००।— र प्रतिवादी दिपा श्रेष्ठको नाममा बकसपत्रको लिखतले ल्याउँदा तिरेको रजिष्ट्रेशन शुल्क रु. ६०,०००।—) जम्मा रु. १,२०,०००।— समेत गरी कायम गरिएको खर्च तथा लगानी जम्मा रु. २१,२०,०००।— समेत गरी कूल जम्मा रु. १,१३,९६,५९८।— खर्च तथा लगानीमा कायम गरिएको देखिन्छ। आयोगबाट जिल्ला मोरङ, कञ्चनबारी वडा नं. ९/ख, कि.नं. २९१९, २९२१ र २९२२ को क्षेत्रफल ०- |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | आर्जन गरेको स्रोत नखुलेको **रु. ५,१०,३३,६२३।- (अक्षरुपी पाँच करोड दश लाख तेत्तिस हजार छ सय तेइस रुपैयाँ)** बराबरको चल अचल सम्पत्ति भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत/असुल उपर हुन मागदावी लिइएको।<br>साथै, प्रतिवादी सुरेश अधिकारीले सार्वजनिक सेवाको पदमा रही आफ्नो पदको दुरुपयोग गरी गैरकानुनी रुपमा आर्जन गरेको स्रोत नखुल्ने सम्पत्ति निज प्रतिवादीका श्रीमतिहरु दुर्गा अधिकारी, दिपा श्रेष्ठ, सुस्मिता अधिकारी र सोममाया श्रेष्ठ; सासू नाताकी पुष्पकुमारी निरौला, मामा नाताका बलराम शर्मा समेतका नाममा जग्गा खरिद/घर खरिद तथा निर्माण/सवारी साधन खरिद एवम् विभिन्न बैंक तथा वित्तीय संस्थाहरुमा रहेका बैंक खाताहरुमा रकम मौज्दात लगायतमा लगानी गरेको देखिएकोले स्रोत नखुलेको चल अचल सम्पत्ति बिगो **रु. ५,१०,३३,६२३।- (अक्षरुपी पाँच करोड दश लाख तेत्तिस हजार छ सय तेइस रुपैयाँ)** जफत गर्ने प्रयोजनार्थ मात्र भ्रष्टाचार निवारण ऐन, २०५९ | २०७३/०७४ सम्म निजको तलबी आयलाई ५ भाग लगाई ४ जना श्रीमतिहरु सहितको जीवन निर्वाहमा ८०% कट्टा गरी १ भाग (२०%) लाई पारिश्रमिक बचत आयमा गणना गरी जम्मा रु. ३,५०,१७३।— कायम गरिएको देखिन्छ। यस सम्बन्धमा, प्रतिवादी सुरेश अधिकारीका छोराछोरी समेत भएका र छोराछोरीलाई खान, लाउन, शिक्षादिक्षा समेत दिनुपर्ने अवस्था हुँदा आ.व. २०६७/०६८ देखि २०७३/०७४ सम्मको अवधिको आयमा ५०% जीवन निर्वाहको लागि खर्च हुने र ५०% बचत हुन जाने न्यायिक विवेक प्रयोग गरी उक्त अवधिसम्म ५०% बचत हुने मनासिब हुने देखिई रु. ६,१२,०५९।— आयमा हुन जाने र आ.व. २०६५/०६६ देखि आ.व. २०६६/०६७ सम्मको ७०% बचत आय समेत जोड्दा यस शीर्षकमा निज प्रतिवादीको पारिश्रमिक बचत आय जम्मा रु. ७,१९,८१८।— हुने देखिएको।<br>**(ग) कर्मचारी सञ्चय कोष र राष्ट्रिय वाणिज्य बैंकबाट लिइएका कर्जा:**<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट जम्मा रु. २२,३३,५००।- आयमा कायम गरिएकोमा प्रतिवादी सुरेश अधिकारीको तर्फबाट निजले कर्मचारी सञ्चय कोषबाट लिएको विशेष सापटी रकम रु. ३,०८,४००।— आयमा गणना गरिनु पर्दछ भनी जिकिर रहेको देखिन्छ। यस सम्बन्धमा, निज प्रतिवादीले उक्त सापटी रकम जाँच अवधि पश्चात मिति २०७५/०२/१३ मा लिएको देखिँदा सो रकमलाई प्रतिवादीको आयमा समावेश गर्न मिल्ने नदेखिएको।<br>**(घ) नेपाल टेलिकमको साधारण शेयरबाट प्राप्त लाभांश आय:**<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट मिति २०६४/१०/१५ मा प्रतिवादी सुरेश अधिकारीको नाममा नेपाल टेलिकमको १२८५ कित्ता साधारण शेयरबाट प्राप्त लाभांश NMB Bank मा रहेको निज प्रतिवादीको खातामा जम्मा भएको जम्मा रु. २,६२,१३६।— कायम गरिएकोमा प्रतिवादीले नेपाल टेलिकमको शेयर वापत प्राप्त लाभांश रकम रु. ६,७०,१४५।— हो भनी जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, नेपाल दूरसंचार कम्पनी लि. को जो जससँग सम्बन्धित छ भन्ने मिति २०७९/०६/३१ को पत्रबाट निज प्रतिवादीको शेयर लाभांश रकम रु. ६,७०,१४५।— रहेको देखिँदा यस शीर्षकमा आयोगले कायम गरेको शेयर लाभांश रकम मनासिब नदेखिएको।<br>**(ङ)** प्रतिवादी सुरेश अधिकारीको जाँच अवधिको समग्र आय सम्बन्धमा आयोगबाट प्रतिवादी सुरेश अधिकारीको गा.वि.स. सचिवको पदमा कार्यरत रहँदा प्राप्त पारिश्रमिक बचत रु. १८,४८०।—; जग्गा बिक्रीबाट प्राप्त आय रु. १,०५,०००।— र अंशमा प्राप्त नगद रु. | ०-६-४ को जग्गा र सोमा बनेको घर समेतमा भएको खर्च तथा लगानी रकमलाई छुट्टै व्ययतर्फको शीर्षक (आरोपपत्रको पृष्ठ नं. ३१ को आय-व्ययको समग्र अवस्था अन्तर्गत व्ययको क्र.सं. २) अन्तर्गत मूल्याङ्कन/गणना गरिएको छ।<br>**(आ)** सम्मानित विशेष अदालतबाट हालैको बकसपत्र लिखतबाट प्रतिवादी सुरेश अधिकारीको श्रीमति प्रतिवादी दिपा श्रेष्ठले आमा सीताकुमारी श्रेष्ठबाट मिति २०७३/०२/२३ मा जिल्ला मोरङ, कञ्चनबारी वडा नं. ५/ख, कि.नं. २३२६ को क्षेत्रफल ०-१-० (१ कट्ठा) को जग्गा र सोही जिल्ला, कञ्चनबारी वडा नं. ९/ख, कि.नं. २९१९, २९२१ र २९२२ को क्षेत्रफल ०-०-६-४ को जग्गा र सोमा बनेको घर समेत प्राप्त गरेको देखिएको; लिखत मूल्यबाट सीताकुमारी श्रेष्ठले कि.नं. २३२६ को जग्गा मिति २०७२/०७/२३ मा **रु. २०,००,०००।—** मा खरिद गरी रजिष्ट्रेशन शुल्क **रु. ६०,०००।**– तिरेको तथा कि.नं. २९१९, २९२१ र २९२२ को जग्गा र सोमा बनेको घर समेत मिति २०७२/१२/२९ मा **रु. २०,००,०००।—** मा खरिद गरी रजिष्ट्रेशन शुल्क **रु. ६०,०००।—** तिरेको देखिएको र प्रतिवादी सुरेश अधिकारीले मौकाको बयानमा उक्त जग्गाहरु सासू सीताकुमारी श्रेष्ठबाट श्रीमती दिपा श्रेष्ठको नाममा ल्याउँदा **रु. ४०,००,०००।—** खर्च भएको भनी स्वीकार गरेको भन्ने आधार लिई दुबै कि.नं. २३२६ तथा कि.नं. २९१९, २९२१ र २९२२ का जग्गा खरिदमा जग्गाहरुको लिखत थैली र रजिष्ट्रेशन दस्तुर वापतको कूल खर्च जम्मा **रु. ८१,८०,०००।—** भएको देखिँदा सो रकमलाई मात्र व्ययमा कायम गरिएको देखिन्छ।<br>**(इ)** यसरी, यस शीर्षकमा सम्मानित विशेष अदालतबाट प्रतिवादी सुरेश अधिकारी र निजका श्रीमतिहरुका नाममा दर्ता कायम रहने गरी खरिद गरिएका जग्गाहरुमा भएको खर्च तथा लगानी रु. ९२,७६,५९८।— र जिल्ला मोरङ, कञ्चनबारी वडा नं. ५/ख, कि.नं. २३२६ को क्षेत्रफल ०-१-० (१ कट्ठा) को जग्गामा भएको खर्च तथा लगानी रु. २१,२०,०००।— समेत गरी कूल जम्मा रु. |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम प्रतिवादी सुरेश अधिकारीका श्रीमतिहरु दुर्गा अधिकारी, दिपा श्रेष्ठ, सुस्मिता अधिकारी र सोममाया श्रेष्ठ; सासू नाताकी पुष्पकुमारी निरौला र मामा नाताका बलराम शर्मालाई प्रतिवादी कायम गरी उक्त सम्पत्ति जफत हुन मागदावी लिइएको। | ५०,५०,०००।— भएकोमा प्रतिवादीले अन्यथा भन्न नसकेको अवस्थामा सो आय रकमलाई अन्यथा भन्न मिल्ने नदेखिएको।<br>**(च) आयोगले गणना नगरेका तर प्रतिवादीले जिकिर लिएका निम्न आय शीर्षकहरुको सम्बन्धमाः**<br>**(अ) नेपाल टेलिकमबाट प्राप्त उपदानः**<br>यस शीर्षकमा प्रतिवादी सुरेश अधिकारीले नेपाल टेलिकममा सहायकस्तर तह ४ (प्र) सहायक पदमा मिति २०६०/०२/२६ मा नियुक्ति लिई मिति २०६५/१२/१९ सम्म कार्यरत रही मिति २०६५/१२/२० मा राजिनामा स्वीकृत भए पश्चात उपदान वापत रु. २७,२५४।११ प्राप्त गरेको भनी मिसिल संलग्न नेपाल टेलिकमको च.नं. ३३५ मिति २०७९/०९/१८ को पत्रबाट जानकारी भएको देखिँदा उपदान वापतको रकम रु. २७,२५४।— प्रतिवादीको आयमा समावेश गर्नुपर्ने देखिएको।<br>**(आ) बैंकको ब्याज रकमः**<br>यस शीर्षकमा प्रतिवादी सुरेश अधिकारीको Nabil Bank, माछापुच्छ्रे बैंक र NMB Bank मा खाता रहेको र निज प्रतिवादीका श्रीमतिहरुको पनि Nabil Bank, माछापुच्छ्रे बैंक, राष्ट्रिय वाणिज्य बैंक, हिमालयन बैंक, Nepal SBI Bank, Nepal Investment Bank, Global IME Bank र नेपाल बङ्गलादेश बैंकमा खाता रहेको तथ्य आरोपदावीमा नै देखाएको र प्रतिवादीले बैंक ब्याज रु. ३३,१२३।— आयमा समावेश हुनुपर्ने भनी जिकिर लिएको देखिन्छ। यस सम्बन्धमा, प्रतिवादी सुरेश अधिकारी र निजका श्रीमतिहरुको नाममा रहेका विभिन्न बैंकको Bank Statement समेतबाट ब्याज प्रदान गरेको देखिएबाट प्रतिवादीको जिकिर बमोजिम ब्याज रकम रु. ३३,१२३।— आयमा समावेश गर्न मनासिब नै देखिएको।<br>**(इ) प्रतिवादी सुरेश अधिकारीकी श्रीमति प्रतिवादी सुस्मिता अधिकारीको पारिश्रमिक आयः**<br>यस शीर्षकमा प्रतिवादी सुस्मिता अधिकारीले अदालतको बयानको स.ज. ८ मा विवाह गर्नु भन्दा अगाडि Gorakha Department Store काम गर्दथें भनी उल्लेख गरेकोमा अदालतको आदेशानुसार प्राप्त Gorakha Department Store को मिति २०७९/०९/०६ को पत्रबाट मासिक रु. ६,५००।— रहेको र मिति २०६८/०५/०९ देखि मिति २०६९/०९/०६ सम्म Sales Girl को पदमा कार्य गरेको देखिँदा निज प्रतिवादीले लगभग १३ महिना काम गर्दा प्राप्त पारिश्रमिक रकम रु. ८४,५००।— प्रतिवादीको आयमा समावेश गर्नुपर्ने देखिएको।<br>**(ई) ट्रकको भाडा रकमः**<br>आयोगले प्रतिवादी सुस्मिता अधिकारीको नामको ना. ६ ख २२६१ नम्बरको | १,१३,९६,५९८।— खर्च तथा लगानीमा कायम गर्नुपर्नेमा प्रतिवादी सुरेश अधिकारी र निजका श्रीमतिहरुका नाममा दर्ता कायम रहने गरी खरिद गरिएका जग्गाहरुमा भएको खर्च तथा लगानी रु. ९२,७६,५९८।— गणना नै नगरी छुट्टै व्ययतर्फको शीर्षक (आरोपपत्रको पृष्ठ नं. ३१ को आय-व्ययको समग्र अवस्था अन्तर्गत व्ययको क्र.सं. २) अन्तर्गत मूल्याङ्कन/गणना गरिएको जिल्ला मोरङ, कञ्चनबारी वडा नं. ९/ख, कि.नं. २९१९, २९२१ र २९२२ को क्षेत्रफल ०-०-६-४ को जग्गा र सोमा बनेको घर समेतको खर्च तथा लगानीको दोहोरो गणना गरी रु. ८१,८०,०००।— मात्र कायम गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेको छ।<br>**(ख) प्रतिवादी सुरेश अधिकारीको सासू सीताकुमारी श्रेष्ठ (श्रीमति प्रतिवादी दिपा श्रेष्ठको आमा) को नाममा खरिद गरी प्रतिवादी दिपा श्रेष्ठको नाममा जग्गा र सोमा बनेको घर समेतमा भएको लगानी र पछि श्रीमति प्रतिवादी दिपा श्रेष्ठको नाममा बकसपत्रको लिखतबाट ल्याउँदा तिरेको रजिष्ट्रेशन शुल्क तथा मर्मत खर्चः**<br>**(ई)** यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी सुरेश अधिकारीको श्रीमति दिपा श्रेष्ठको नाममा दर्ता कायम रहेको जिल्ला मोरङ, कञ्चनबारी वडा नं. ९/ख, कि.नं. २९१९, २९२१ र २९२२ को क्षेत्रफल ०-०-६-४ को जग्गा र सोमा बनेको घर समेत शुरु खरिद गर्दा सम्बन्धित मालपोत कार्यालयबाट पारित लिखतमा उल्लिखित थैली रकम रु. २०,००,०००।—; सीताकुमारी श्रेष्ठको नाममा खरिद गर्दा तिरेको रजिष्ट्रेशन शुल्क रु. ६०,०००।— र प्रतिवादी दिपा श्रेष्ठको नाममा बकसपत्रको लिखतले ल्याउँदा तिरेको रजिष्ट्रेशन शुल्क रु. ६०,०००।— समेत गरी जम्मा रु. १,२०,०००।— र प्रतिवादी सुरेश अधिकारीले खुलाई दिएअनुसार उक्त घरको मर्मत खर्च रु. ५,००,०००।— समेत गरी जम्मा रु. २६,२०,०००।— व्ययमा गणना गरिएको देखिन्छ।<br>**(उ)** सम्मानित विशेष अदालतबाट सीताकुमारी श्रेष्ठले उक्त घरजग्गा खरिद गर्दा थैली अङ्क र रजिष्ट्रेशन शुल्क तथा सीताकुमारी श्रेष्ठबाट प्रतिवादी दिपा श्रेष्ठले बकसपत्र लिँदाको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ट्रक मिति २०७३/०१/१५ मा खरिद गर्दा रु. ४३,००,०००।— लगानी व्ययमा समावेश गर्ने तर भाडा वापत प्राप्त रकम आयमा समावेश नगर्दा प्रतिवादी प्रति अन्याय हुन जाने हुँदा ट्रक खरिद भएको मिति देखिको भाडा रकममा मनासिब मर्मत खर्च कटाई बाँकी रकमलाई आयमा समावेश गर्नुपर्ने देखिई ट्रक खरिद गरेको मिति २०७३/०१/१५ देखि २०७५ साल वैशाख मसान्तसम्म २४ महिना १५ दिनको मासिक रु. २,००,०००।— को दरले ट्रक भाडा वापत रु. ४९,००,०००।— हुने देखिन्छ। उक्त रकममा ट्रक मर्मत खर्च वापत ५०% र ड्राइभर खर्च कटाउँदा प्रतिवादीले खुद प्राप्त गर्ने ट्रकको भाडा रकम रु. २३,८९,१२२।— प्रतिवादीको आयमा गणना गर्नुपर्ने देखिएको।<br>**(उ) टिकाटालो दान दक्षिणाः**<br>प्रतिवादी सुरेश अधिकारीका ४ वटा श्रीमतिहरुले र निज प्रतिवादीले ४ वटै ससुराली घरहरुबाट टिका लगाई माइती पक्षबाट दिएको दान दक्षिणा रकमलाई गणना गर्नुपर्ने भनी प्रतिवादीले बयानमा जिकिर लिएकोमा र सम्मानित सर्वोच्च अदालतबाट दान दक्षिणा टिकाटालोबाट प्राप्त रकमलाई आयमा समावेश गरिने न्यायिक मान्यता रही आएको परिप्रेक्ष्यमा अदालतले न्यायिक स्वविवेक प्रयोग गरी यस शीर्षकमा रु. १,००,०००।— प्रतिवादीको आयमा गणना गर्न मनासिब हुने देखिएको।<br>• **व्ययतर्फः**<br>**(क) प्रतिवादी सुरेश अधिकारी र निजका श्रीमतिहरु तथा सासू सीताकुमारी श्रेष्ठ (श्रीमति प्रतिवादी दिपा श्रेष्ठको आमा) को नाममा खरिद गरी प्रतिवादी दिपा श्रेष्ठको नाममा बकसपत्रको लिखतबाट प्राप्त जग्गा खरिदमा भएको खर्चः**<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट रु. १,१३,९६,५९८।— कायम गरिएको देखिन्छ। प्रतिवादी दिपा श्रेष्ठले मौकामा र अदालतमा बयान गर्दा जिल्ला मोरङ, कञ्चनबारी वडा नं. ५/ख, कि.नं. २३२६ को क्षेत्रफल ०-१-० (१ कठ्ठा) को जग्गा र सोही जिल्ला, कञ्चनबारी वडा नं. ९/ख, कि.नं. २९१९, २९२१ र २९२२ को क्षेत्रफल ०-०-६-४ को जग्गा र सोमा बनेको घर समेत आमा सीताकुमारी श्रेष्ठबाट बकसपत्र गरी प्राप्त भएका जग्गाहरु हुन् भनी लेखाएको देखिन्छ। प्रतिवादी दिपा श्रेष्ठकी आमा सीताकुमारी श्रेष्ठले मौकामा र अदालतमा बयान गर्दा उक्त जग्गाहरु कृषि आय, पसल व्यवसायबाट प्राप्त आय, श्रीमान मोहनकुमार श्रेष्ठको सरकारी जागिरको कमाई तथा जग्गा किनबेचबाट प्राप्त आयबाट खरिद गरी छोरी प्रतिवादी दिपा श्रेष्ठलाई बकस दिएको हो भनी लेखाएको देखिएता पनि उक्त जग्गाहरु खरिद गरिएको केही समयपछि नै बकसपत्र गरिदिएको देखिएको; | रजिष्ट्रेशन शुल्क र प्रतिवादीले मौकाको बयानमा उल्लेख गरे अनुसारको घर मर्मत खर्च समेत गरी जम्मा रु. २०,९५,९९८।— मात्र कायम हुने भनी फैसला गरिएको देखिन्छ।<br>(ऊ) यसरी, सम्बन्धित मालपोत कार्यालयबाट पारित लिखतबाट प्रतिवादी सुरेश अधिकारीको श्रीमति दिपा श्रेष्ठको नाममा दर्ता कायम रहेको जिल्ला मोरङ, कञ्चनबारी वडा नं. ९/ख, कि.नं. २९१९, २९२१ र २९२२ को क्षेत्रफल ०-०-६-४ को जग्गा र सोमा बनेको घर समेतको शुरु खरिद रकम रु. २०,००,०००।—; सीताकुमारी श्रेष्ठको नाममा खरिद गर्दा तिरेको रजिष्ट्रेशन शुल्क रु. ६०,०००।— र प्रतिवादी दिपा श्रेष्ठको नाममा बकसपत्रको लिखतले ल्याउँदा तिरेको रजिष्ट्रेशन शुल्क रु. ६०,०००।— समेत गरी भएको खर्च तथा लगानी जम्मा रु. २१,२०,०००।— र प्रतिवादी दिपा श्रेष्ठको मौकाको बयानको स.ज. नं. १७ बाट र प्रतिवादी सुरेश अधिकारीको मौकाको बयानको स.ज. नं. २४ बाट उक्त घरको मर्मत खर्च रु. ५,००,०००।— समेत गरी कूल जम्मा रु. २६,२०,०००।— व्ययमा गणना गरिएकोमा पारित लिखत र प्रतिवादीहरुको मौकाको बयान अन्यथा पुष्टि हुने अवस्था नदेखिएको र प्रतिवादी सुरेश अधिकारीले अदालतको बयानमा उक्त घरको मर्मत रकमको सम्बन्धमा अन्यथा जिकिर समेत लिएको अवस्था देखिँदैन। कुनै पनि तथ्यपरक तथा वस्तुपरक आधार, कारण र प्रमाणको विश्लेषण नै नगरी कायम गरिएको गणना अङ्कको आधार समेत नखुलाई सम्मानित विशेष अदालतबाट यस शीर्षकमा व्यय रकम रु. २०,९५,९९८।— मात्र कायम गरी भएको फैसला त्रुटिपूर्ण छ।<br>प्रस्तुत मुद्दामा मिसिल संलग्न आधार कारण र प्रमाणहरुबाट प्रतिवादी सुरेश अधिकारीको जाँच अवधिको समग्र आय सम्बन्धमा, सम्मानित विशेष अदालतबाट प्रतिवादी सुरेश अधिकारीको नेपाल दूरसंचार संस्थान (नेपाल टेलिकम) मा सहायकस्तर तह ४ (प्र) सहायक पदमा कार्यरत रहँदा प्राप्त पारिश्रमिक बचत तथा वार्षिक भत्ता, बोनस र प्रोत्साहन पुरस्कार वापत रु. १२,१०,९२३।६१; प्रतिवादी सुरेश अधिकारी निजामती सेवाको लेखापाल पदमा कार्यरत रहँदा प्राप्त पारिश्रमिक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | सीताकुमारी श्रेष्ठले उक्त जग्गाहरु र घर समेत खरिदको आय स्रोत विश्वसनीय तवरले देखाउन नसकेको र सीताकुमारी श्रेष्ठका अन्य अंशियारलाई प्राप्त हुने अंशभाग भन्दा धेरै घरजग्गा छोरी प्रतिवादी दिपा श्रेष्ठलाई बकसपत्र गरेको देखिएबाट उक्त घरजग्गा खरिदको लगानी प्रतिवादी सुरेश अधिकारीको नै हो भनी आयोगले निज प्रतिवादीको व्ययको शीर्षक अन्तर्गत राखेकोलाई अन्यथा भन्न नसकिने।<br>तर उक्त घरजग्गाको खरिद मूल्य र रजिष्ट्रेशन दस्तुरको हकमा हेर्दा, हालैको बकसपत्र लिखतबाट प्रतिवादी सुरेश अधिकारीको श्रीमति प्रतिवादी दिपा श्रेष्ठले आमा सीताकुमारी श्रेष्ठबाट मिति २०७३/०२/२३ मा जिल्ला मोरङ, कञ्चनबारी वडा नं. ५/ख, कि.नं. २३२६ को क्षेत्रफल ०-१-० (१ कठ्ठा) को जग्गा र सोही जिल्ला, कञ्चनबारी वडा नं. ९/ख, कि.नं. २९१९, २९२१ र २९२२ को क्षेत्रफल ०-०-६-४ को जग्गा र सोमा बनेको घर समेत प्राप्त गरेको देखिन्छ। लिखत मूल्यबाट सीताकुमारी श्रेष्ठले कि.नं. २३२६ को जग्गा मिति २०७२/०७/२३ मा **रु. २०,००,०००।—** मा खरिद गरी रजिष्ट्रेशन शुल्क **रु. ६०,०००।–** तिरेको तथा कि.नं. २९१९, २९२१ र २९२२ को जग्गा र सोमा बनेको घर समेत मिति २०७२/१२/२९ मा **रु. २०,००,०००।—** मा खरिद गरी रजिष्ट्रेशन शुल्क **रु. ६०,०००।—** तिरेको देखिन्छ। प्रतिवादी सुरेश अधिकारीले मौकाको बयानमा उक्त जग्गाहरु सासू सीताकुमारी श्रेष्ठबाट श्रीमती दिपा श्रेष्ठको नाममा ल्याउँदा **रु. ४०,००,०००।—** खर्च भएको भनी स्वीकार गरेको हुँदा दुबै कि.नं. २३२६ तथा कि.नं. २९१९, २९२१ र २९२२ का जग्गा खरिदमा जग्गाहरुको लिखत थैली र रजिष्ट्रेशन दस्तुर वापतको कूल खर्च जम्मा **रु. ८१,८०,०००।—** भएको देखिँदा सो रकमलाई मात्र व्ययमा कायम गर्नुपर्ने देखिएको।<br>**(ख) प्रतिवादी सुरेश अधिकारीको सासू सीताकुमारी श्रेष्ठ (श्रीमति प्रतिवादी दिपा श्रेष्ठको आमा) को नाममा खरिद गरी प्रतिवादी दिपा श्रेष्ठको नाममा जग्गा र सोमा बनेको घर समेतमा भएको लगानी र पछि श्रीमति प्रतिवादी दिपा श्रेष्ठको नाममा बकसपत्रको लिखतबाट ल्याउँदा तिरेको रजिष्ट्रेशन शुल्क तथा मर्मत खर्चः**<br>यस शीर्षकमा जाँच अवधिमा आयोगबाट प्रतिवादी सुरेश अधिकारीको श्रीमति दिपा श्रेष्ठको नाममा दर्ता कायम रहेको जिल्ला मोरङ, कञ्चनबारी वडा नं. ९/ख, कि.नं. २९१९, २९२१ र २९२२ को क्षेत्रफल ०-०-६-४ को जग्गा र सोमा बनेको घर समेत शुरु खरिद गर्दा सम्बन्धित मालपोत कार्यालयबाट पारित लिखतमा उल्लिखित थैली रकम रु. २०,००,०००।—; सीताकुमारी श्रेष्ठको नाममा खरिद गर्दा तिरेको | बचत रु. ७,१९,८१८।—; नेपाल टेलिकमको साधारण शेयरबाट प्राप्त लाभांश आय रु. ६,७०,१४५।— आय कायम गरिएको सम्बन्धमा र आयोगले गणना नगरेका तर प्रतिवादीले जिकिर लिएका आय शीर्षकहरुको सम्बन्धमा, सम्मानित विशेष अदालतबाट नेपाल टेलिकमबाट प्राप्त उपदान रु. २७,२५४।—; बैंकको ब्याज रकम रु. ३३,१२३।—; प्रतिवादी सुरेश अधिकारीकी श्रीमति प्रतिवादी सुस्मिता अधिकारीको पारिश्रमिक आय रु. ८४,५००।—; ट्रकको भाडा रकम रु. २३,८९,१२२।— र टिकाटालो दान दक्षिणा रु. १,००,०००।— आयमा कायम गरिएको सम्बन्धमा वादीको अन्यथा जिकिर रहेको छैन।<br>त्यसैगरी, प्रतिवादी सुरेश अधिकारीको जाँच अवधिको समग्र व्यय सम्बन्धमा, सम्मानित विशेष अदालतबाट प्रतिवादी सुरेश अधिकारीको श्रीमति प्रतिवादी दुर्गा अधिकारीको नाममा रहेको जग्गामा निर्मित घरको निर्माण लागत रु. २९,८२,४७०।४०; प्रतिवादी सुरेश अधिकारीको सासू प्रतिवादी पुष्पकुमारी निरौला (श्रीमति प्रतिवादी सुस्मिता अधिकारीको आमा) को नाममा रहेको जग्गामा निर्मित घरको निर्माण लागत रु. ७२,२८,२१८।४०; प्रतिवादी सुरेश अधिकारीको बालुवा तथा रिक्सा लगानी र मनोरञ्जन अतिरिक्त खर्च रु. ५,००,०००।— व्ययमा कायम गरिएको र प्रतिवादी सुरेश अधिकारीको श्रीमति प्रतिवादी सुस्मिता अधिकारीको आमा प्रतिवादी पुष्पकुमारी निरौलाको नाममा जग्गा खरिदको लागत तथा विद्युतीय सामग्री खरिद शीर्षकहरुमा व्यय रकम गणना नगरिएको सम्बन्धमा वादीको अन्यथा जिकिर रहेको छैन।<br>अतः माथि विवेचित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट प्रतिवादी सुरेश अधिकारीको जाँच अवधिको समग्र व्यय जम्मा **रु. ५,६०,४०,५८५।८० (अक्षरुपी पाँच करोड साठी लाख चालिस हजार पाँच सय पचासी रुपैयाँ र असी पैसा)** र जाँच अवधिको समग्र वैधानिक आय **रु. १,२६,३८,८६५।६१ (अक्षरुपी एक करोड छब्बिस लाख अडतिस हजार आठ सय पैंसाठी रुपैयाँ र एकसाठी पैसा)** देखिएकोले निज प्रतिवादीले **रु. ४,३४,०१,७२०।१९ (अक्षरुपी चार करोड चौतिस लाख एक हजार सात सय बिस रुपैयाँ र उन्नाइस पैसा)** बराबरको रकमको स्रोत पुष्टि गर्न सकेको नदेखिँदा कूल जम्मा बिगो **रु.** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | रजिष्ट्रेशन शुल्क रु. ६०,०००।— र प्रतिवादी दिपा श्रेष्ठको नाममा बकसपत्रको लिखतले ल्याउँदा तिरेको रजिष्ट्रेशन शुल्क रु. ६०,०००।— समेत गरी जम्मा रु. १,२०,०००।— र प्रतिवादी सुरेश अधिकारीले खुलाई दिएअनुसार उक्त घरको मर्मत खर्च रु. ५,००,०००।— समेत गरी जम्मा रु. २६,२०,०००।— व्ययमा गणना गरिएको देखिन्छ। यस सम्बन्धमा, सीताकुमारी श्रेष्ठले उक्त घरजग्गा खरिद गर्दा थैली अङ्क र रजिष्ट्रेशन शुल्क तथा सीताकुमारी श्रेष्ठबाट प्रतिवादी दिपा श्रेष्ठले बकसपत्र लिँदाको रजिष्ट्रेशन शुल्क र प्रतिवादीले मौकाको बयानमा उल्लेख गरे अनुसारको घर मर्मत खर्च समेत गरी जम्मा रु. २०,९५,९९८।— मात्र कायम हुने देखिएको।<br>**(ग) प्रतिवादी सुरेश अधिकारीको श्रीमति प्रतिवादी सुस्मिता अधिकारीको आमा प्रतिवादी पुष्पकुमारी निरौलाको नाममा जग्गा खरिदको लागतः**<br>यस शीर्षकमा आयोगले प्रतिवादी पुष्पकुमारी निरौलाको नाममा दर्ता कायम रहने गरी राखेको जिल्ला सुनसरी, इटहरी ८/क स्थित कि.नं. २३३४ क्षेत्रफल ०-०-९ (९ धुर) को जग्गा प्रतिवादी पुष्पकुमारी निरौलाका पति राजन विष्टको वैदेशिक रोजगारी समेतको आय स्रोतबाट पुष्टि भएको नदेखिँदा र प्रतिवादी सुस्मिता अधिकारीसँग विवाह भए पश्चात खरिद गरिएको देखिँदा उक्त जग्गा प्रतिवादी सुरेश अधिकारीले नै लगानी गरी राखेको देखिँदा मिति २०७०/०८/२० मा राजिनामा पारित गरी लिँदा थैली अङ्क रु. ६,७५,०००।— र रजिष्ट्रेशन दस्तुर रु. २०,२५०।— समेत गरी जम्मा रु. ६,९५,२५०।— प्रतिवादी सुरेश अधिकारी कै व्ययमा गणना गरिएको देखिन्छ। यस सम्बन्धमा, प्रतिवादी पुष्पकुमारी निरौलाले मौकामा र अदालतमा बयान गर्दा उक्त जग्गा माइतीको पेवा र गरगहना बिक्री गरी खरिद गरेको भनी जिकिर लिएको; निज प्रतिवादीका पति राजन विष्ट वैदेशिक रोजगारीको लागि कुवेत रहे बसेको देखिएको र जग्गा खरिदको बिगो समेत न्यून नै रहेको देखिँदा प्रतिवादी सुरेश अधिकारीको श्रीमति प्रतिवादी सुस्मिता अधिकारीको आमा प्रतिवादी पुष्पकुमारी निरौला तथा निजका पति राजन विष्टको आयबाट उक्त जग्गा खरिद गरेको देखिएकोले आयोगबाट यस शीर्षकमा प्रतिवादी सुरेश अधिकारीको लगानीमा खरिद गरेको भनी कायम भएको व्यय रकमसँग सहमत हुन नसकिने।<br>**(घ) प्रतिवादी सुरेश अधिकारीको श्रीमति प्रतिवादी दुर्गा अधिकारीको नाममा रहेको जग्गामा निर्मित घरको निर्माण लागतः**<br>यस शीर्षकमा आयोगले प्रतिवादी दुर्गा अधिकारीको नाममा रहेको जिल्ला मोरङ, कञ्चनबारी २/क स्थित कि.नं. ५७५ को जग्गामा घर निर्माण लागत जम्मा रु. ३७,२८,०८८।— व्ययमा गणना गरेको देखिन्छ। यस | ४,३४,०१,७२०।१९ **(अक्षरुपी चार करोड चौतिस लाख एक हजार सात सय बिस रुपैयाँ र उन्नाइस पैसा)** बराबरको सम्पत्ति गैरकानुनी रुपमा आर्जन गरेको पुष्टि भएको देखिन्छ। सम्मानित विशेष अदालतबाट जम्मा रु. ३,९६,६१,१२०।३९ (अक्षरुपी तीन करोड छयान्नब्बे लाख एकसाठ्ठी हजार एक सय बीस रुपैयाँ र उनान्चालिस पैसा) मात्र गैरकानुनी सम्पत्ति आर्जन गरेको ठहर गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण रहेकोले सो हदसम्म उक्त त्रुटिपूर्ण फैसला बदर गरी प्रस्तुत पुनरावेदन जिकिर बमोजिम प्रतिवादी सुरेश अधिकारीले गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरेको र अन्य प्रतिवादीहरुले उक्त गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ति आ-आफ्नो नाममा राखेको ठहर गरी आयोगको मागदावी बमोजिम सजाय गरी सम्पत्ति जफत गरी पाउन सादर अनुरोध छ। |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | सम्बन्धमा, उक्त घर प्रतिवादी दुर्गा अधिकारी आफैले निर्माण गरेको देखिँदा Overhead Cost १५% र ठेक्का कर ५% गरी २०% कटाउँदा उक्त घरको निर्माण लागत रु. २९,८२,४७०।४० हुने देखिँदा सोही रकम व्ययमा कायम हुने देखिएको।<br>**(ङ) प्रतिवादी सुरेश अधिकारीको सासू प्रतिवादी पुष्पकुमारी निरौला (श्रीमति प्रतिवादी सुस्मिता अधिकारीको आमा) को नाममा रहेको जग्गामा निर्मित घरको निर्माण लागतः**<br>यस शीर्षकमा आयोगले प्रतिवादी पुष्पकुमारी निरौलाको नाममा रहेको जिल्ला सुनसरी, इटहरी ८/क स्थित कि.नं. २३३४ क्षेत्रफल ०-०-९ (९ धुर) को जग्गामा निर्मित घरको स्ट्रक्चर निर्माणमा रु. ८२,२६,५०४।— र फर्निचर तथा Interior Decoration मा रु. १०,०८,७६९।— समेत गरी जम्मा रु. ९२,३५,२७३।— कायम गरी प्रतिवादी सुरेश अधिकारीको व्ययमा गणना गरेको देखिन्छ। यस सम्बन्धमा, उक्त घर २०७० सालमा निर्माण भएको देखिई घरमा भएका फर्निचरहरु पहिलेदेखि प्रयोग गर्दै आइरहेको पनि हुने हुदाँ र सम्मानित सर्वोच्च अदालतबाट फर्निचरमा लागेको रकम हालको मूल्यमा ५०% घटाई कायम गर्ने भनी प्रतिपादित सिद्धान्त (*नेपाल सरकार वि. ईश्वरप्रसाद पोखरेल,* ने.का.प. २०७२, अंक ९, नि.नं. ९४६१) समेतबाट प्रतिवादीको घरको फर्निचरमा कायम गरेको मूल्याङ्कनबाट २०% घटाउँदा रु. २,००,०००।— मात्र कायम गर्न मनासिब देखिएकोले उक्त घरको कूल लागत रु. ९२,३५,२७३।— मा रु. २,००,०००।— घटाउँदा रु. ९०,३५,२७३।— हुन आउने देखिएको।<br>साथै, उक्त घर प्रतिवादी आफैले निर्माण गरेको हुँदा Overhead Cost १५% र ठेक्का कर ५% गरी २०% कटाउँदा उक्त घरको निर्माण लागत रु. ७२,२८,२१८।४० हुने देखिँदा सोही रकम मात्र व्ययमा कायम हुने देखिएको।<br>**(च) सवारी साधन खरिदः**<br>यस शीर्षकमा आयोगले प्रतिवादी सुस्मिता अधिकारीको नाममा दर्ता रहेको ना. ६ ख २२६१ नम्बरको ट्रकको खरिद मूल्य रु. ४३,००,०००।—; प्रतिवादी सुरेश अधिकारीको आयले खरिद गरी निजको मामा प्रतिवादी बलराम शर्माको नाममा राखेको बा. १५ च ६६६४ नम्बरको Toyota Fortuner Jeep को खरिद मूल्य रु. १,१५,००,०००।— र प्रतिवादी सुरेश अधिकारीको श्रीमति प्रतिवादी सोममाया श्रेष्ठको नाममा रहेको बा. ८६ प २७९ नम्बरको स्कूटरको खरिद मूल्य रु. १,८०,०००।— समेत गरी जम्मा रु. १,५९,८०,०००।— प्रतिवादी सुरेश अधिकारीको व्ययमा कायम गरेको देखिन्छ। यस सम्बन्धमा, ना. ६ ख २२६१ नम्बरको ट्रक | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | प्रतिवादी सुस्मिता अधिकारीको नाममा मात्र एकल दर्ता भएको देखिँदा निजको बुवाको साझेदारीमा खरिद भएको भन्ने नदेखिएको; प्रतिवादी बलराम शर्माले मौकामा र अदालतमा बयान गर्दा बा. १५ च ६६६४ नम्बरको Toyota Fortuner Jeep निजको भान्जा प्रतिवादी सुरेश अधिकारीले खरिद गरी निजको नाममा राखेको भनी लेखाएबाट उक्त जीप प्रतिवादी सुरेश अधिकारीकै आयबाट खरिद भएको देखिएको र बा. ८६ प २७९ नम्बरको स्कूटरको खरिद मिति स्पष्ट नहुँदा प्रतिवादी सोममाया श्रेष्ठको बुवाले किनिदिएको निजकै नाममा रहेको बा. ८२ प १३९९ नम्बरको स्कूटर बिक्री गरी प्राप्त रकममा केही रकम थप गरी बा. ८६ प २७९ नम्बरको स्कूटर खरिद गरेको भनी प्रतिवादी सोममाया श्रेष्ठको जिकिर पुष्टि भएको नदेखिँदा प्रतिवादी सुरेश अधिकारीकै खर्चमा गणना गर्नुपर्ने देखिएकोले आयोगले यस शीर्षकमा जम्मा रु. १,५९,८०,०००।— कायम गरी प्रतिवादी सुरेश अधिकारीको व्ययमा गणना गरेकोलाई अन्यथा भन्न नसकिने।<br>**(छ) सुन/चाँदी/गरगहना खरिदः**<br>यस शीर्षकमा आयोगले प्रतिवादी सुरेश अधिकारीले मौकामा गरेको बयान र निजले निजामती किताबखानामा मिति २०७२/०७३ मा पेश गरेको सम्पत्ति विवरणका आधारमा ६० तोला सुन खरिद गरेको भनी रु. २०,००,०००।— व्ययमा गणना गरेको देखिन्छ। यस सम्बन्धमा, निज प्रतिवादीले अदालतमा गरेको बयानबाट पहिला ६० तोला सुन रहेकोमा हाल ४ तोला सुन मात्र रहेकोमा ५६ तोला सुन कहाँ गयो, बिक्री भयो की, कसैलाई दान दक्षिणा दिइयो की भन्ने कुरा खुलेको नदेखिँदा र ६० तोला सुनको स्रोत श्रीमतिका माइती घरबाट प्राप्त गरी केही खरिद गरेको हो भनी स्वीकार गरेकोले निज प्रतिवादीले नै बयानमा र सम्पत्ति विवरणमा उल्लेख गरेको विवरण अन्यथा भन्न मिल्ने नदेखिएको।<br>**(ज) विद्युतीय सामग्री खरिदः**<br>यस शीर्षकमा आयोगले प्रतिवादी सुरेश अधिकारीले बयानको क्रममा र सम्पत्ति विवरणमा उल्लेख गरे अनुसार Television थान १, Refrigerator थान १ र Air Conditioner थान १ खरिदमा रु. ८०,०००।— खर्च भएको भनी खुलाएको आधारमा सोही रकमलाई निजको व्ययमा कायम गरेको देखिन्छ। यस सम्बन्धमा, निज प्रतिवादीको घर मूल्याङ्कन गर्ने क्रममा इलेक्ट्रोनिक्स सामानको मूल्याङ्कन भई बिगो कायम भइसकेको देखिँदा आयोगबाट यस शीर्षकमा कायम भएको व्यय रकमलाई खर्चमा गणना गरिरहन पर्ने नदेखिएको।<br>**(झ) प्रतिवादी सुरेश अधिकारीका बुवा ढुण्डीराज अधिकारीको बैंक खातामा** | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | **जम्मा भएको रकमः**<br>यस शीर्षकमा आयोगले प्रतिवादी सुरेश अधिकारीका बुवा ढुण्डीराज अधिकारीको राष्ट्रिय वाणिज्य बैंकमा रहेको खातामा मिति २०६९/०९/२० देखि मिति २०७३/१२/२७ सम्म विभिन्न मितिमा पटक पटक गरी राजेन्द्रकुमार उपाध्याय मार्फत् जम्मा भएको रकम रु. २३,७१,०००।— निज प्रतिवादीको व्ययमा गणना गरेको देखिन्छ। यस सम्बन्धमा, प्रतिवादी सुरेश अधिकारीले सो रकमको सम्बन्धमा अन्यथा जिकिर लिएको नदेखिएको र ढुण्डीराज अधिकारीले मौकामा सो रकमको सम्बन्धमा निजलाई थाहा नभएको भनी भनेकोमा अदालतमा बकपत्र गर्दा राजेन्द्रकुमार उपाध्याय र निज बिच जग्गाको कारोबार हुने गरेकोमा जग्गा खरिदको लागि निजको खातामा रकम जम्मा गराएको भनी लेखाएको देखिएता पनि राजेन्द्रकुमार उपाध्यायले अदालतमा बकपत्र गर्दा ढुण्डीराज अधिकारी र निज बिच जग्गाको कारोबार हुने गरेको भनी उल्लेख नगरेको अवस्थामा ढुण्डीराज अधिकारीले अदालतमा गरिदिएको बयान विश्वसनीय नदेखिएको हुँदा आयोगले कायम गरेको रु. २३,७१,०००।— व्यय रकमलाई अन्यथा भन्न नसकिने।<br>**(ज) प्रतिवादी सुरेश अधिकारीको बालुवा तथा रिक्सा लगानी र मनोरञ्जन अतिरिक्त खर्चः**<br>यस शीर्षकमा आयोगले प्रतिवादी सुरेश अधिकारीले मौकामा गरिदिएको बयानमा निज प्रतिवादीले बालुवा खानीमा काम गर्ने साथीहरुलाई ऋण सापटी वापत दिएको रु. २,००,०००।—; रिक्सा व्यवसायमा लगानी गरेको रु. ३,००,०००।— र २०६८ सालदेखि निज प्रतिवादीको मनोरञ्जनमा वार्षिक हुने खर्च रु. ५०,०००।— खुलाई दिएको आधारमा जम्मा रु. ८,००,०००।— प्रतिवादीको व्ययमा गणना गरेको देखिन्छ। यस सम्बन्धमा, प्रतिवादीको जीवन निर्वाह वापत पारिश्रमिक तथा अन्य भत्ता समेत ७०% र निलम्बनमा रहेको अवधिमा ५०% जीवन निर्वाह खर्च कट्टा गरी मात्र आयमा गणना भएको अवस्थामा मनोरञ्जन खर्च भनी छुट्याएको रु. ३,००,०००।— मनासिब नदेखिएकोले यस शीर्षकमा बालुवा तथा रिक्सा लगानीमा जम्मा रु. ५,००,०००।— मात्र व्ययमा गणना गर्न मनासिब देखिएको।<br>प्रतिवादी सुरेश अधिकारीको जाँच अवधिको समग्र व्यय सम्बन्धमा आयोगबाट कर्मचारी सञ्चय कोष र राष्ट्रिय वाणिज्य बैंकबाट लिइएका कर्जा चुक्ता प्रयोजनार्थ तिरे बुझाएको रकम रु. १३,९४,५९७।—; नेपाल टेलिकमको शेयर खरिदमा रु. १,१५,६५०।—; प्रतिवादी सुरेश अधिकारीको माछापुच्छ्रे बैंकमा जम्मा भएको रकम रु. ३८,७३,५००।—; प्रतिवादी सुरेश | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | अधिकारीको Nabil Bank मा जम्मा भएको रकम रु. २५,५०,५००।—; प्रतिवादी सुरेश अधिकारीको श्रीमति प्रतिवादी दिपा श्रेष्ठको माछापुच्छ्रे बैंकमा जम्मा भएको रकम रु. ७,००,०००।—; प्रतिवादी सुरेश अधिकारीको श्रीमति प्रतिवादी सोममाया श्रेष्ठको हिमालयन बैंकमा जम्मा भएको रकम रु. ५,००,०००।—; प्रतिवादी सुरेश अधिकारीको श्रीमति प्रतिवादी सोममाया श्रेष्ठको नेपाल एसबिआई बैंकमा जम्मा भएको रकम रु. १०,००,०००।— र बैंक मौज्दात रकम रु. ८,२८,०५२।— कायम गरिएकोमा प्रतिवादीको अन्यथा जिकिर रहेको नदेखिएको। | |